अनुसुची –२

प्रस्ता.व नं. १

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश।

विषय: प्यूठान नगरपालिकाको आ.व. ०७९/८० को एकिकृत सम्पत्तीकर पुनरावलोकन सम्वन्धमा।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०७९/०३/२८

१) विषयको संक्षिप्त व्यहोरा:– प्यूठान नगरपालिकाको आ.व. ०७९/८० को एकिकृत सम्पत्तीकर पुनरावलोकन गर्नुपर्ने भएकोले।

२) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :– प्यूठान नगरपालिकाको एकिकृत सम्पत्तीकरका विषयमा आवश्यक छलफल तथा सुझावका सम्वन्धमा प्राप्त परामर्श बमोजिम एकिकृत सम्पत्तीकर पुनरावलकन भएको।

३) प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:– प्रचलित कानुन बमोजिम प्रत्येक आर्थिक वर्षमा राजश्वका दररेटहरु हेरफेर गरि लागु गर्ने पारित गर्नु पर्ने भएकोले।

४) निर्णय हुनु पर्ने व्यहोरा :– प्यूठान नगरपालिकाको आ.व.०७९/८० को एकिकृत सम्पत्तीकरको दरमा २० प्रतिशत वढी कायम गरि लागु गर्ने तथा घरको मुल्याङ्कन वापत प्रतिस्क्वायर फुट रु. ८००/ कायम गर्न पारित गर्ने।

**नगरकार्यपालिकाको निर्णय :–**

५) प्यूठान नगरपालिकको आ.व.०७९/८० को एकिकृत सम्पत्तीकरमा मिति २०७९/०३/१० गते वसेको नगरसभाले विगतमा जग्गाको मुल्याङ्कनमा दिईएको २० प्रतिशत छुटलाई हटाईएकोमा अव उप्रान्त जग्गाको मुल्याङ्कनमा नभई करको दरमा २० प्रतिशत कर वढाउन तथा घरको मुल्याङ्कनमा प्रति स्क्वायरफुट रु.८००/ कायम गरि अनुमोदनका लागि विषेश नगर सभामा पेश गर्ने निर्णय सर्वसहमतीवाट गरियो।

प्रमाणित गर्ने
महेशकुमार गुरुङ
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मिति:

प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
विष्णु बहादुर योगी
नगर प्रमुख
दस्तखत:
मिति:

अनुसुची –२

प्रस्ताव नं. २

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश।

विषय: क्वाँडी सामुदायीक भवन निर्माण सम्वन्धमा।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०७९/०५/२८

६) विषयको संक्षिप्त व्यहोरा:– प्यूठान नगरपालिका वडा नं. १ मा रहेको सार्वजनिक जग्गामा क्वाँडी सामुदायीक भवन निर्माण गर्नको लागि वजेट प्राप्त भएकोले।

७) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :– प्यूठान नगरपालिकाको वडा नं. १ मा रहेको क्वाँडी सामुदायीक भवन निर्माणको लागि सामाजिक विकास डिभिजन कार्यालयवाट वजटको व्यवस्था भएको।

८) प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:– सार्वजनिक जग्गामा सामुदायीक भवन निर्माण गर्नको लागि उक्त सार्वजनिक जग्गाको चारकिल्ला छट्टिएको विवरण सहित भवन निर्माणको लागि अनुमति दिनु पर्ने।

९) निर्णय हुनु पर्ने व्यहोरा :– प्यूठान नगरपालिका वडा नं. १ मा रहेको सार्वजनिक जग्गामा सामुदायीक भवन निर्माण गर्नको लागि अनुमतिका लागि कार्यपालिकावाट पारित गर्ने।

**नगरकार्यपालिकाको निर्णय :–**

प्यूठान नगरपालिकको वडा नं. १ मा पर्ने कि.नं. २१९ को पुर्वमा कि.नं.२५० को जग्गा, पश्चिममा झिम्रुक नदि झर्ने मोटरवाटो,उत्तरमा कोरदारी खोला र दक्षिणमा झिमरुक करिडोर चारकिल्ला रहेको सार्वजनिक जग्गामा सामुदायीक भवन निर्माणको लागि सामाजिक विकास डिभिजन कार्यालयवाट रु. ८ लाख वजेट विनियोजन भएकोले उक्त भवन निर्माण कार्यलाई अनुमति दिनको लागि सर्वसहमतीले निर्णय गरियो।

प्रमाणित गर्ने
महेशकुमार गुरुङ
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मिति:

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
विष्णु बहादुर योगी
नगर प्रमुख
दस्तखत:
मिति:

अनुसुची –२

प्रस्ताव नं. १

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश।

विषय: राहत वितरण सम्वन्धमा।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०७९/०३/३०

१) विषयको संक्षिप्त व्यहोरा:– प्यूठान नगरपालिकाभित्र रहेका अतिविपन्न घर परिवारलाई राहत वितरण गर्नुपर्ने भएकोले

२) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :– प्यूठान नगरकार्यपालिकाभित्रका अतिविपन्न घरपरिवार तथा आर्थिक स्थिति कमजोर भएका घरधुहरुले दिएका निवेदनका आधारमा उक्त परिवारहरुलाई राहतस्वरुप आर्थिक सहयोग गर्ने।

३) प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:– आर्थिक स्थिति कमजोर भएका घरधुरीलाई राहत वितरण गर्नुपर्ने भएकोले।

४) निर्णय हुनु पर्ने व्यहोरा :– प्यूठान नगरपालिका भित्र आर्थिक स्थिति कमजोर भएका अतिविपन्न घरधुरीलाई राहत वितरण गर्ने कार्यका लागि कार्यपालिकावाट पारित गर्ने।

**नगरकार्यपालिकाको निर्णय :–**

प्यूठान नगरपालिका भित्रका अतिविपन्न तथा आर्थिक स्थिति कमजोर भएका १० वटै वडाका प्रति वडा ४५ विपन्न घरधुरी (४५० घरधुरी ) लाई राहत वितरणको लागि विपद तथा राहत कोषवाट वजेट व्यवस्था गर्ने निर्णय सर्वसहमतिले गरियो।

प्रमाणित गर्ने
महेशकुमार गुरुङ
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मिति:

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रमाणिकरण गर्ने**
**विष्णु बहादुर योगी**
**नगर प्रमुख**
**दस्तखत:**
**मिति:**

अनुसुची –२

प्रस्ताव नं. २

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश।

विषय: इन्डक्सन चुल्हो वितरण सम्वन्धमा।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०७९/०५/३०

१) विषयको संक्षिप्त व्यहोरा:– प्यूठान नगरपालिकाले प्राप्त गरेको इन्डक्सन चुल्हो वितरण गर्नुपर्ने भएकोले।

२) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :– प्यूठान नगरपालिकामा प्राप्त भएको इन्डक्सन चुल्हो अतिविपन्न घर परिवारलाई दिने भनिएकोमा सो प्रभावकारी हुने नदेखिएको हुँदा प्रभावकारी रुपमा प्रयोग गर्ने व्यक्ति वा संस्थालाई दिन उपयुक्त हुने देखिएको।

३) प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:– इन्डक्सन चुल्हो प्रभावकारी रुपमा प्रयोग गर्नसक्ने व्यक्ति वा संस्थालाई दिन उपयुक्त हुने देखिएको हुँदा सोही अनुसार वितरण गर्नु पर्ने भएकोले।

४) निर्णय हुनु पर्ने व्यहोरा :– प्यूठान नगरपालिकामा प्राप्त भएको इन्डक्सन चुल्होलाई प्रभावकारी रुपमा प्रयोगमा ल्याउनको लागि प्यूठान नगरपालिकामा सवैभन्दा वढि कर तिर्ने करदाता,विद्यालयहरु, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुलाई वितरण गर्नको लागि कार्यपालिकावाट पारित गर्ने।

**नगरकार्यपालिकाको निर्णय :–**

प्यूठान नगरपालिकामा प्राप्त भएको इन्डक्सन चुल्होलाई प्रभावकारी रुपमा प्रयोगमा ल्याउनको लागि प्यूठान नगरपालिकामा सवैभन्दा वढि कर तिर्ने करदातालाई सम्मान स्वरुप तथा विद्यालयहरु, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुलाई वितरण गर्ने निर्णय सर्वसहमतीले गरियो।

प्रमाणित गर्ने
**महेशकुमार गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**
**दस्तखतः**
**मितिः**

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**प्रमाणिकरण गर्ने**
**विष्णु बहादुर योगी**
**नगर प्रमुख**
**दस्तखतः**
**मितिः**

अनुसुची –२

प्रस्ताव नं. ३

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश ।

विषय: शसस्त्र प्रहरी वलको भवनमा खानेपानी निर्माण सम्वन्धमा ।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०७९/०५/३०

१) विषयको संक्षिप्त व्यहोरा:– प्यूठान नगरपालिका वडा नं. ३ स्थित रहेको वतासेडाँडामा शसस्त्र प्रहरी वलको भवनमा खानेपानी सुविधाको व्यवस्था गर्नुपर्ने ।

२) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :– प्यूठान नगरपालिका वडा नं. ३ स्थित रहेको वतासेडाँडामा शसस्त्र प्रहरी वलको भवनमा खानेपानी सुविधा पुऱ्याउनको लागि कार्यपालिकामा पेश भई छलफल भएको ।

३) प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:– प्यूठान नगरपालिका वडा नं. ३ स्थित रहेको वतासेडाँडामा शसस्त्र प्रहरी वलको भवनमा खानेपानी सुविधा उपलव्ध गराउन कार्यपालिकावाट निर्णय गर्नुपर्ने भएकोले ।

४) निर्णय हुनु पर्ने व्यहोरा :– प्यूठान नगरपालिका वडा नं. ३ स्थित रहेको वतासेडाँडामा स्थापना हुने शसस्त्र प्रहरी वलको भवनमा खानेपानी सुविधा पुऱ्याउनको लागि कार्यपालिकामा छलफल गरि पारित गर्नुपर्ने ।

**नगरकार्यपालिकाको निर्णय :–**

प्यूठान नगरपालिकाका वडा नं. ३ स्थित रहेको वतासेडाँडामा स्थापना हुने शसस्त्र प्रहरी वलको भवनमा खानेपानी सुविधा पुऱ्याउन इष्टिमेट अनुसारको बजेट व्यवस्था गर्ने निर्णय सर्वसहमतीवाट गरियो ।

प्रमाणित गर्ने
महेशकुमार गुरुङ
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मिति:

नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
विष्णु बहादुर योगी
नगर प्रमुख
दस्तखत:
मिति:

अनुसुची –२

प्रस्ताव नं. ४

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश।

विषय: विपदकोष सम्वन्धमा।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०७९/०५/३०

१) विषयको संक्षिप्त व्यहोरा:– प्यूठान नगरकार्यपालिकामा रहेको विपदकोषवाट विभिन्न शिर्षकका योजनाहरुमा वजेट विनियोजन गर्नुपर्ने।

२) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :– प्यूठान नगरपालिकाको विपदकोषवाट विनियोजित हुने गरि योजनाहरु कार्यपालिकामा पेश भई छलफल भएको।

३) प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:– प्यूठान नगरपालिकाको विपदकोषवाट विनियोजन हुने गरि योजनाहरु छनौट गरि कार्यान्वयन गर्नुपर्ने भएकोले।

४) निर्णय हुनु पर्ने व्यहोरा :– प्यूठान नगरपालिकाको विपदकोषवाट विनियोजन हुने गरि तपसिल बमोजिमका योजनाहरु छनौट गरि कार्यान्वयन गर्न कार्यपालिकावाट पारित गर्नुपर्ने।

तपसिल :

१. झिमरुक नदि नियन्त्रण प्यू.न.पा. ७ रु.३३०,०००/
२. खप्रेङखोला नदि नियन्त्रण प्यू.न.पा. ८ रु. २८५,०००/
३. सत्तरी मिल देखि लायखोला झिमरुक नदि नियन्त्रण प्यू.न.पा. ४ रु. ३८०,०००/
४. देउराली ओदार्ने वाक्से झोलुङ्गेपुल संरक्षण प्यू.न.पा. ९ रु. ३४७,५००/

**नगरकार्यपालिकाको निर्णय :–**

प्यूठान नगरपालिकाको विपदकोषवाट विनियोजन हुने गरि तपसिल बमोजिमका योजनाहरु छनौट गरि कार्यान्यवन गर्ने निर्णय सर्वसहमतीवाट गरियो।

तपसिल :

१.झिमरुक नदि नियन्त्रण प्यू.न.पा. ७ रु.३३०,०००/
२.खप्रेङखोला नदि नियन्त्रण प्यू.न.पा. ८ रु. २८५,०००/
३.सत्तरी मिल देखि लायखोला झिमरुक नदि नियन्त्रण प्यू.न.पा. ४ रु. ३८०,०००/
४.देउराली ओदार्ने वाक्से झोलुङ्गेपुल संरक्षण प्यू.न.पा. ९ रु. ३४७,५००/

प्रमाणित गर्ने
महेशकुमार गुरुङ
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:

प्रमाणिकरण गर्ने
विष्णु बहादुर योगी
नगर प्रमुख
दस्तखत:

अनुसुची –२

प्रस्ताव नं. ५

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश ।

विषय: समपुरक कोष सम्वन्धमा ।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०७९/०५/३०

१) विषयको संक्षिप्त व्यहोरा:– प्यूठान नगरपालिकाको समपुरक कोषवाट ५० प्रतिशत वजेट र प्यूठान नगरपालिका वडा नं. ८ स्थित सुन्दरटोल वस्तीमा पर्ने वाटो निर्माणमा समुदायले ५० प्रतिशत वेहोर्ने गरी कार्यपालिकावाट पारित गर्नुपर्ने ।

२) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :– प्यूठान नगरपालिकाको समपुरक कोषवाट ५० प्रतिशत वजेट र प्यूठान नगरपालिका वडा नं. ८ स्थित सुन्दरटोल वस्तीमा पर्ने वाटो निर्माणको लागि समुदायले ५० प्रतिशत वेहोर्ने गरी कार्यपालिकावाट पारित गर्नका लागि पेश भएको ।

३) प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:–

४) निर्णय हुनु पर्ने व्यहोरा :– प्यूठान नगरपालिकाको समपुरक कोषवाट ५० प्रतिशत वजेट र प्यूठान नगरपालिका वडा नं. ८ स्थित सुन्दरटोल वस्तीमा पर्ने वाटो निर्माणको लागि तँहाको समुदायले ५० प्रतिशत वेहोर्ने गरी योजना कार्यान्वयन गर्न कार्यपालिकावाट पारित गर्नुपर्ने ।

नगरकार्यपालिकाको निर्णय :– प्यूठान नगरपालिकाको समपुरक कोषवाट ५० प्रतिशत वजेट र प्यूठान नगरपालिका वडा नं. ८ स्थित सुन्दरटोल वस्तीमा पर्ने वाटो निर्माणको लागि तँहाको समुदायले ५० प्रतिशत वेहोर्ने गरी योजना कार्यान्वयन गर्ने निर्णय सर्वसहमतीवाट गरियो ।

प्रमाणित गर्ने
महेशकुमार गुरुङ
प्रमुख प्रशासकीय अधिकृत
दस्तखतः
मितिः

नगर कार्यपालिकाको कार्यालय
प्यूठान नगरपालिका
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
विष्णु बहादुर योगी
नगर प्रमुख
दस्तखतः
मितिः

अनुसुची –२

प्रस्ताव नं. ६

वुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश।

विषय: विविध सम्वन्धमा।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति : २०७९/०५/३०

१) विषयको संक्षिप्त व्यहोरा:– प्यूठान नगरपालिका भित्र रहेका इलाका प्रहरी र प्रहरी चौकीहरुलाई यातायातमा लाग्ने पेट्रोलको सुविधा दिने, सामाजिक सुरक्षा तथा भत्ता वितरणमा यातायातको सुविधा दिन , मेड्पा कार्यक्रम प्यूठान नगरपालिका वडा नं. १ र ३ मा संचालन र जिल्ला दररेट स्वीकृत गर्न कार्यपालिकावाट पारित गर्नुपर्ने।

२) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :– प्यूठान नगरपालिका भित्र रहेका इलाका प्रहरी र प्रहरी चौकीहरुलाई यातायातमा लाग्ने पेट्रोलको सुविधा उपलव्ध गराउने, सामाजिक सुरक्षा तथा भत्ता वितरणमा यातायातको सुविधा दिन , मेड्पा कार्यक्रम प्यूठान नगरपालिका वडा नं. १ र ३ मा संचालन र जिल्ला दररेट यथावत् कायम गर्नका लागि कार्यपालिकावाट पारित गर्न पेश भएको।

३) प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:–

४) निर्णय हुनु पर्ने व्यहोरा :–

१. प्यूठान नगरपालिका भित्र रहेका विजुवार इलाका प्रहरी कार्यालयलाई मासिक ३० (तिस) लिटर, तथा दाखाक्वाँडी प्रहरी चौकी, वाग्दुला प्रहरी चौकी र मरन्ठाना प्रहरी चौकीलाई प्रति १०/१० लिटर गरी पेट्रोलको सुविधा दिन कार्यपालिकावाट पारित गर्नुपर्ने।

२. प्यूठान नगरपालिकाका वडाका वस्तीहरुसम्म गई सामाजिक सुरक्षा तथा भत्ता वितरण कार्यका लागि वैङ्कहरुलाई यातायात वापतको सुविधा उपलव्ध गराउन कार्यपालिकावाट पारित गर्नुपर्ने।

३. प्यूठान नगरपालिकालाई आ.व. ०७९/८० का लागि मेड्पा कार्यक्रमका लागि प्राप्त वजेट प्यूठान नगरपालिकाका वडा नं. १ र ३ मा संचालन गर्न कार्यपालिकावाट पारित गर्नुपर्ने।

४. प्यूठान जिल्लाको जिल्ला दररेटलाई यथावत् राखी स्वीकृत गर्ने र सोही अनुसार नगर दररेट कायम गर्न कार्यपालिकावाट पारित गर्नुपर्ने।

**प्रमाणित गर्ने**
**महेशकुमार गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**
दस्तखत:
मिति:

नगर कार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रमाणिकरण गर्ने**
**विष्णु बहादुर योगी**
**नगर प्रमुख**
दस्तखत:
मिति:

**नगरकार्यपालिकाको निर्णय :–**

१. प्यूठान नगरपालिका भित्र रहेका विजुवार इलाका प्रहरी कार्यालयलाई मासिक ३० (तिस) लिटर, तथा दाखाक्वाँडी प्रहरी चौकी, वाग्दुला प्रहरी चौकी र मरन्ठाना प्रहरी चौकीलाई प्रति १०/१० लिटर गरी पेट्रोलको सुविधा दिने निर्णय सर्वसहमतीले गरियो ।

२. प्यूठान नगरपालिकाका वडाका वस्तीहरुसम्म गई सामाजिक सुरक्षा तथा भत्ता वितरण कार्यका लागि वैङ्कहरुलाई यातायात वापतको सुविधा उपलव्ध गराउने निर्णय सर्वसहमतीले गरियो ।

३. प्यूठान नगरपालिकालाई आ.व. ०७९/८० का लागि मेड्पा कार्यक्रमका लागि प्राप्त वजेट प्यूठान नगरपालिकाका वडा नं. १ र ३ मा संचालन गर्ने निर्णय सर्वसहमतीले गरियो ।

४. प्यूठान जिल्लाको जिल्ला दररेटलाई यथावत् राखी स्वीकृत गर्ने र सोही अनुसार नगर दररेट कायम गर्ने निर्णय सर्वसहमतीले गरियो ।

**प्रमाणित गर्ने**
**महेशकुमार गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**
**दस्तखतः**
**मितिः**

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रमाणिकरण गर्ने**
**विष्णु बहादुर योगी**
**नगर प्रमुख**
**दस्तखतः**
**मितिः**